स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्मी दुनियाँमा नआउँदै राम्रो 'नेम-फ्रेम' बनाएकी मोडल हुन्, नीति शाह । सोमबार फिल्मको घोषणामा उनले 'ड्रिम्स'बाट अफर आउँदाको क्षण स्मरण गरिन् । त्यसबेला फिल्म गर्न आत्मविश्वास नभएकाले काम नगरेको उनको भनाई छ । उनी भन्छिन्, 'मलाई भुवन केसी सरले 'ड्रिम्स' अफर गर्नुभएको थियो । त्यसबेला म १२ कक्षामा पढिरहेकी थिएँ । त्यतिबेला फिल्ममा काम गर्न ममा आत्मविश्वास थिएन । नेपाली फिल्मको बारेमा मलाई खासै थाहा पनि थिएन ।'

**आजको विचार...**



राजनीति...

(दुई पेजमा)

प्रा.देवीभक्त ढकाल

अभिनेता नाजिर हुसेनका लागि फिल्म 'अगस्त्य' विशेष छ । किनकि, यसमा उनी एक्सन भूमिकामा प्रस्तुत छन् । त्यसका लागि उनले २० केजी तौल समेत बढाएका थिए । अब उनको 'क्यारेक्टर' पोस्टर सार्वजनिक गरिएको छ । पोस्टरमा उनी फरक-फरक लुक्स र मनोभावमा प्रस्तुत छन् । कुनैमा उनी एक्सन मुडमा रगताम्मे भएर देखिएका छन् भने कुनैमा गम्भीर भावमा चित्रित छन् । नाजिरको लुक्स र गेटअपले मधेशी चरित्र बुझाउँछ ।



❑ वर्ष २९ ❑ अंक १७० ❑ २०८० माघ ४ गते बिहीबार 18 January 2024, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### जापान भूकम्पमा मृतक संख्या २ सय ३२ पुग्यो

(रासस/सिन्ह्वा)

**टोकियो,** माघ ३/जापानको इशिकावा प्रान्तमा गएको शक्तिशाली भूकम्पमा ज्यान गुमाउनेको संख्या बुधबार २ सय ३२ पुगेको स्थानीय अधिकारीहरूले बताएका छन् । प्रान्तीय सरकारका अनुसार, अद्यावधिक गरिएको तथ्याङ्कमा वाजिमा शहरले थप १० जनाको ज्यान गएको जनाएको छ । वाजिमा शहर नोटो प्रायद्वीपमा गएको भूकम्पले सबैभन्दा बढी प्रभावित क्षेत्रमध्ये एक हो ।

स्थानीय अधिकारीहरूले भूकम्पपछि तत्काल भएको आगलागीमा व्यापक क्षति बेहोरेको लोकप्रिय पर्यटकीय स्थल वाजिमाको बिहानी बजारको छेउछाउमा मृतकहरू फेला परेको बताएका छन् । उक्त क्षेत्रमा गत हप्तादेखि नै व्यापक खोजी र उद्धार कार्य भइरहेको थियो । भूकम्पमा परी वाजिमा शहरमा १७ र सुजु सहरमा चार जना गरी कूल २१ जना अझै वेपत्ता रहेका छन् । स्थानीय सञ्चारमाध्यमले उपलब्ध गराएका विवरण अनुसार क्षति भएका घर तथा आवासहरूको संख्या २२ हजार ३७४ रहेको पुष्टि भएको छ । थप मूल्याङ्कनहरू गर्दा प्रभावित भवनहरूको संख्यामा उल्लेखनीय वृद्धि हुन सक्ने बताइएको छ । वाजिमा र सुजुका सहरहरूमा, क्षतिको परिमाण अझै धेरै पुष्टि भएको छ । वास्तविक अवस्था अझै पनि अस्पष्ट रहेको जापानको राष्ट्रिय समाचार संस्था (क्योदो)ले जनाएको छ ।

# मनकारी सांसद राना

## संसदमा जनताहरुको आवाज बुलन्द रुपमा उठाउनेदेखि पाल्पाको विकास निर्माणका काम र आम जनतालाई परेको दुःख,पीडामा सांसद रानाले अभिभावकीय भूमिका निर्वाह गर्दै आएका छन् ।

**रामचन्द्र रायमाझी**

**पाल्पा,** माघ ३/ अधिकांश जनप्रतिनिधि/सांसदहरु निर्वाचनका बेला जनतासँग गरेका बाचाहरु फुलेर आफ्नै सुखसयलमा रमाउन तल्लिन छन् । जनप्रतिनिधि जनता समक्ष गरेका बाचा पूरा गर्नुको सट्टा आफ्ना परिवार र आफन्तको भरणपोषणमा तल्लिन भइरहेका बेला लुम्बिनी प्रदेशका एक सांसदले भने व्यक्तिगत खर्च गरेरै भए पनि जनतालाई परेका अफठ्यारा र समस्यामा साथ दिएका छन् । कतिपय सांसद तथा जनप्रतिनिधिहरु पद र सत्ता स्वार्थमा लिप्त रहनुको साथै नातागोता र आफन्तलाई जागिर खुवाउन उद्धत भई आफ्नै मतदातामाझ आलोचित बनिरहँदा पाल्पा क्षेत्र नं. २ (१) बाट निर्वाचित प्रदेश सांसद वीरबहादुर राना भने जनताको मन जित्ने गरी अगाडि बढेका छन् ।



सांसद राना सहितको टोली बगनासकालीको दर्लामडाँडामा रहेको खानेपानी आयोजनामा मोटर जडानमा सहभागी हुँदै ।

उनले विगतमा नेपाली काँग्रेसको पाल्पा सभापति हुँदा होस् वा सांसद र मन्त्री हुँदा नै किन नहोस् गरिब, विपन्न, असाहयहरुका समस्यामा सधै सक्रिय नै रहे । संसदमा जनताहरुको आवाज बुलन्द रुपमा उठाउनेदेखि पाल्पाको विकास निर्माणका काम र आम जनातालाई परेको दुख पीडामा सांसद रानाले अभिभावकीय भूमिका निर्वाह गर्दै आएका छन् । उनी कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक पूर्वधारका क्षेत्रमा स्थानीय, प्रदेश र संघीय सरकारबाट बजेट ल्याउन पहल गर्नेदेखि जनताका सामान्य भन्दा पनि सामान्य समस्या समाधनमा लाग्ने गरेका छन् ।

सांसद रानाले केही दिन अघि जिल्लाको बगनासकाली गाउँपालिका-५ दर्लामडाँडामा लामो समय मोटर र पाइप बिग्रेर खानेपानीबाट बञ्चित भएका ३० घर उपभोक्ताहरुलाई व्यक्तिगत खर्चमा मटर खरिद गरिदिएका छन् । अहिले पम्प जडान भएपछि त्यहाँका उपभोक्ताहरुले सहज रुपमा पानी खाइरहेका छन् । धारामूल खानेपानी आयोजना अन्तर्गत तल्लो खानेपानी टाकुरामा पर्ने मूल र रिजर्भ ट्याङ्कीसम्म आउने पाइप र मोटर बिग्रेपछि त्यहाँका उपभोक्ता खानेपानी खानाबाट बञ्चित रहेका थिए । स्थानीयले पटक-पटक स्थानीय सरकार र सम्बन्धित निकायमा सहयोगको लागि आग्रह गरे पनि कहि कतैबाट सुनुवाई नहुँदा लामो समय खानेपानीबाट बञ्चित हुनु परेको स्थानीय पिताम्वर पौडेलले बताए ।

उनले भने 'हामीले धेरै ठाउँमा भन्यौं तर कसैले पनि सुन्नु भएन, एक पटक हाम्रै क्षेत्रका सांसदलाई भन्नु पर्‍यो भनेर माननिय वीरबहादुर रानालाई भन्यो, उहाँले हुन्छ म कतै पहल गर्छु भन्नुभयो ।' अहिले सांसद रानाले मोटर ल्याइदिएपछि भने हामीले सहजै पानी उपभोग गर्न पाएको उनको भनाई छ । 'पम्प र त्यसका लागि आवश्यक सामानहरु बिग्रिएपछि हामीले मर्मत सम्भार गर्न सकेका थिएनौं, अहिले मान्य ज्यूबाट सहयोग भएको छ खुसी छौं' खानेपानी उपभोक्ता समितिका अध्यक्ष अर्जुन गैरेले भने । सासंद राना सहित नेपाली काँग्रेस पाल्पा क्षेत्र नं २ (ख)का सचिव शंकर भण्डारी, सामजसेवी तथा व्यवसायी बसन्तमान सिमागैंडा, पत्रकार महासंघ नवलपरासीका पूर्व अध्यक्ष टिकाराम गैरे, काँग्रेस नेता थानबहादुर मगर लगायतको पहलमा दर्लामडाँडामा पम्प जडान गरिएको हो । सांसद राना उनीहरुको सहकार्यमा काठमाडौंबाट पम्प मगाएर प्राविधिक टोलीसहित जडान गर्न दर्लामाडाँडा पुगेका थिए । पम्प जडान स्थलमै पुगेका सांसद रानाले आफुले धेरै ठाउँमा पम्प जडानका लागि पहल गरे पनि तत्काल कतैबाट पनि सहयोग नभएपछि आफुले व्यक्तिगत र केही साथीहरुको सहयोगमा पम्प सहयोग गरेको बताए । उनले जनताको सुख, दुखमा आफु सधै साथमा रहेको भन्दै अफठ्यारो पर्दा जति बेला पनि सम्पर्क गर्न आम नागरिकलाई आग्रह गरे । 'म राजनीतिमा लागेकै समाजसेवाको लागि हो,' सांसद रानाले भने, 'मेरो सबै समय जनता र विकासको लागि खर्च गर्नेछु ।' राजनीति र समाजसेवा एकअर्काको परिपूरक भएको उनले बताए । उनी भन्छन्, 'म जनप्रतिनिधी बनेकै जनताको सेवाको लागि हो । जनताले चुनेर पठाएपछि मैले उहाँलाई परेको दुखमा टुलुटुलु हेरे बस्न मिल्दैन ।' 'मलाई सम्पत्ति धेरै भएर होइन, जनताले दिएको माया र साथलाई समर्थन गर्न चाहन्छु' सांसद राना भन्छन्, 'जनता मेरो पहिलो प्राथमिकता हुन्, मेरो कार्यकाल सबै जनताको भलाईमा नै बिताउनेछु ।' सांसदसँगै पम्प जडानमा पुगेका काँग्रेस युवा नेता शंकर भण्डारीले जनप्रतिनिधि हुनु पो यस्तो भन्दै सांसद रानाको प्रशंसा गरे । उनले जनताका हरेक समस्यामा सांसद रानाले देखाएको सक्रियता अन्य जनप्रतिनिधिहरुले पनि अनुसरण गर्न आवश्यक रहेको बताए । नेता भण्डारीले भने 'अरुले अभिनय गर्छन् काँग्रेस भने जनताको घर-घरमा पुगेर दुखःसुखमा अभियान चलाउन्छ ।'

सांसद रानाले पाल्पाका ग्रामीण क्षेत्रमा रहेका विपन्न नागरिकहरुको अवासका लागि जस्तापातादेखि आवश्यक लत्ताकडा, खाद्यान्न जस्ता कुराहरुमा समेत व्यक्तिगत रुपमा सहयोग गर्दै आएका छन् । उनले सांसद र उर्जा जलस्रोत तथा सिचाइँ मन्त्री भएपछि २०३८ सालबाट शुरु भएर अलपत्र परेको कचल सिँचाईं फाट आयोजनाको पूर्णता दिएका थिए । जसका कारण किसानको दैनिकी नै सुधारिएको छ । त्यस्तै, उनले पाल्पामा सिँचाईं बिस्तार र ग्रामीण सडकलाई बाह्रै महिना नियमित चल्ने गरी काम गर्दै आएका छन् ।

अनलाइन माध्यमबाट भुक्तानी वा रकम स्थानान्तरण गर्दा सम्भव भएसम्म सार्वजनिक स्थानका निःशुल्क वाईफाई प्रयोग नगरौं ।

अनलाइन भुक्तानी गर्दा प्रयोग हुने ओटिपि/पासवर्ड अरुलाई शेयर नगरौं ।

सुरक्षित रुपमा वित्तीय कारोबार गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

विज्ञापन बोर्ड

# पाल्पामा नारायणडाँडा क्रिकेट कप २०८० सुरू

## पहिलो दिन एमआइ वि, सम्झना र राम्दी विजयी

**पाल्पा,** माघ ३/पाल्पाको बगनासकाली गाउँपालिका-१ चिलाङ्दी खेलमैदानमा बुधबारदेखि खुल्ला नारायणडाँडा क्रिकेट (एनसीसी) कप २०८० सुरु भएको छ । नारायणडाँडा क्रिकेट क्लव तानसेन-१ को आयोजनामा 'स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद' भन्ने नाराका साथ एनसीसी कप सुरु भएको हो ।

क्रिकेट प्रतियोगिताको जिल्ला क्रिकेट संघ पाल्पाका उपाध्यक्ष शैलेन्द्र भट्टराईले ब्याटिङ गरेर प्रतियोगिताको सुरुआत गरे । भट्टराईले ब्याटिङ गर्दा बलिङमा तानसेन



नगरपालिका-१ का वडा अध्यक्ष सुनिल बस्याल, किपिङ गल्भ्समा जिल्ला क्रिकेट संघ पाल्पाका सदस्य पूर्णराज शाक्य र फिल्डीङमा जेसीज पाल्पाका अध्यक्ष अर्जुन कार्कीले साथ दिए ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## लगानीमैत्री वातावरण बनाऊ

मुलुकमा राजनीतिक खिचातानी र जालझेलका कारण मुलुक दिशाहीन भइरहेको छ । जसका कारण नेपालको अर्थतन्त्रले अझै पनि आशातीत परिणाम दिन सकेको छैन । यहाँ लगानीको उचित वातावरण नहुँदा अर्थतन्त्र सुधार हुन सकिरहेको छैन । विदेशका लगानीकर्ताहरू नेपालमा लगानीको सुरक्षित वातावरणको अवसरमा छन् तर त्यो अवसरको उपयोग गर्न नपाउँदा केवल निराशाबाहेक केही छैन । नेपालमा जारी राजनीतिक अस्थिरताका बीचमा लगानीकर्ताहरू लगानी गर्न हिचकिचाइरहेका छन् । उद्योगी मैत्री वातावरण मुलुकमा छैन । सञ्चालनमा रहेका उद्योगहरू समेत धरासायी बन्दै गएका छन् । कतिपय त थेग्न नसकेर बन्द समेत भए । बडो दुःखका साथ भन्नुपर्छ ऋण धन गरेर लगानी गरेको उद्योग व्यवसाय बन्द गर्नुपर्दा उद्योगीहरूको अवस्था कस्तो हुन्छ ? सायदै कल्पना गर्न सकिन्छ । सरकारले स्वदेशी लगानीकर्तालाई प्रोत्साहन गर्ने तथा विदेशी लगानी धेरै भित्र्याउने उद्देश्यका साथ आगामी वैशाखमा लगानी सम्मेलन गर्दैछ तर सम्मेलनले मात्र लगानी बढ्दैन भन्ने यसअघिका लगानी सम्मेलनबाट देखिइसकेको छ ।

लगानी प्रोत्साहनका लागि अनुकूल वातावरण निर्माण सबैभन्दा महत्वपूर्ण रहन्छ । लगानीकर्ता आउनुअघि उनीहरू लगानीका लागि अनुकूल वातावरण, लगानी सुरक्षाको निश्चितता र मुनाफाको दरमा ढुक्क हुन खोज्छन् । यसका लागि एकातिर हाम्रो भौतिक पूर्वाधार प्रभावकारी हुन जरुरी छ, अर्कातिर लगानीका लागि आउनेहरूले झन्झट व्यहोर्नु नपरोस् भन्ने निश्चित गर्नुपर्छ । नेपालजस्तो देशमा सहायता दिनेले समेत घुस र कमिसन दिनुपर्ने गरी अल्झाउने गरिन्छ भने लगानीकर्तालाई उत्साहित बनाउन त थप धेरै कानुनी तथा संस्थागत व्यवस्था गरिनु आवश्यक हुन्छ । त्यति मात्र होइन लगानीकर्ताले प्रस्ताव पेस गरेपछि एउटै ढोकाबाट प्रवेश गरेर निस्कँदा स्वीकृति पाउने अवस्था सिर्जना हुनुपर्छ । यसो भयो भने मात्र विदेशी लगानी भित्र्याउन सकिन्छ । तसर्थ देशको अर्थतन्त्रमा सुधार ल्याउने हो भने सरकारले सम्मेलन गर्ने मात्र होइन लगानीमैत्री वातावरण सिर्जना गर्न जरुरी छ ।

## Opinion @ Social Network

सुकेको डाली जति नै कमजोर भएपनि चरा बसेरै छाड्छ किनकि उसलाई भरोसा डालीमा हैन आफ्नो पखेटामा हुन्छ त्यसैले भरोसा अरुमा होइन आफैमा गर्नुपर्दछ ।
(**आइशा हमालको फेसबुक स्टाटस** *https://www.facebook.com/isha.hamal*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीति जनसेवा कि व्यक्तिगत लाभका लागि ?



प्रा.देवीभक्त ढकाल

पञ्चायत कालमा दलको स्वतन्त्रता भएन । विकास र प्रगतिको एकमात्र बाधक दलहरूमाथिको प्रतिबन्ध हो भन्ने धारणाले पञ्चायतलाई कटाक्ष गरिन्थ्यो । त्यो कटाक्ष गर्नेहरू र तिनका अनुयायी अहिले दलीय सिद्धान्त र मर्मविपरीत क्रियाशील छन् । हामीलाई दल सञ्चालनको स्वतन्त्रता चाहियो भनेर जीवनभर संघर्ष गर्नेहरू नै आज दलको स्वतन्त्रताको फल एकलौटी खानलाई दलभित्र विविध प्रकारका बखेडा निकालेर दलको धर्म र मर्मविपरीत द्वन्द्वको खेती किन गर्दैछन् ? कुनै पनि दलभित्र दलीय अनुशासन, आपसी विश्वास सहकार्य पटक्कै छैन । इमानदारी र सदाचारको संस्कृति विरोधीहरूको शासनले के परिवर्तनको फल जनतासमक्ष पुग्छ ? किमार्थ पुग्दैन ।

परिवर्तनको फल जनतासमक्ष नपुग्ने परिवर्तनको रक्षा अब जनताले किन गर्ने ? जनताको जीवनमा परिवर्तन ल्याउने विषयमा कुनै पार्टीहरूमा गम्भीर छलफल, चिन्तन छैन । व्यक्तिगत र गुटगत स्वार्थमा लम्पटहरूले आज सत्ता ओगटेका छन् । सत्ता जनसेवाको विषय नभएर व्यक्तिगत लाभको विषय बनेको छ । भाषणमा आकाश र पाताललाई एकै ठाउँमा जोड्छन् तर व्यवहारमा आआफ्नो लागि धन सम्पत्ति जोड्न क्रियाशील र ब्यस्तहरूकै चक्रव्युहमा राजनीति अल्मलिएको छ । यो हदको विधिविहीनतामा किन सबै पार्टीका कार्यकर्ता लठ्ठ र मख्ख छन् ? यो आठौं आश्चर्य भएको छ । पार्टीहरू जनचासोको विषयमा नितान्त साझा थलो हुनै सकेनन् । पार्टी देशको र जनताका लागि कि नेताका लागि ? प्रश्न अनन्तकालसम्म अनुत्तरित हुनुहुँदैन । के पार्टी भनेको नेतृत्वमा हुनेहरूको एकलौटी सम्पत्ति हो ? पार्टीका नजिकका भनेका कार्यकर्ता हुनुपर्ने होइन ? तर नेताका श्रीमती र नातेदारमात्रै नजिक छन्, पार्टीमा उनीहरूकै बोलबाला छ । पार्टी परिवारहरूको अवैध धन जम्मा गर्ने उद्योग बनेको छ । पदासीन हुँदा एउटा भाषा र पदबाहिर हुँदा अर्को भाषा, मूल्य र मान्यता विकसित गर्न कत्ति पनि लज्जाबोध नगर्नेहरूले पार्टी पद्धतिलाई नै बाँदरको हातमा नरिवल भन्ने उखानलाई अक्षरसः चरितार्थ बनाएका छन् ? । पार्टीभित्र आबद्ध हुनेहरू सबैको साझा भावना, चाहना र परिवर्तनको ढुकढुकी हो । राजनीतिक परिवर्तन परिवर्तित सिद्धान्तको अनुसरण गर्दै प्रयोग गर्न परिवर्तनविरोधी शक्ति र परिवर्तनकारी शक्तिलाई बराबर हक हुन्छ भन्ने हेक्का राख्न सक्नुपर्छ । पञ्चायत जोगाउनेहरू र पञ्चायत फाल्नेहरू दशकौंदेखि संघर्षको अलगअलग मोर्चामा युद्धरत रहे । त्यसबखत दुबैतर्फका योद्धाले जीवन र मरणसम्मको संकटलाई झेले । लामो संघर्ष र द्वन्द्वपछि पञ्चायत परास्त भयो । बहुदलीय व्यवस्था स्थापित भयो । यसको अर्थ बहुदलको पक्षधरका लागि मात्र बहुदलीय व्यवस्था आएको थिएन । केही बहुदलवादीहरू बहुदलको लहैलहैमा हिँडेका तर बहुदलको सैद्धान्तिक धर्म-मर्म नबुझेकाहरूले परिवर्तनपछि पञ्चहरूलाई अपमानित पनि गरे । बहुदलीय व्यवस्थाका नीति, नियमभित्र रहँदा त्यो व्यवस्थाले प्रत्यायोजित गर्ने तमाम अवसरको हकदार र दाबेदार पञ्चहरू हुनसक्छन् भन्ने ख्याल बहुलवादीका जिम्मेवार नेताहरूले राख्न नसक्दा प्रारम्भिक चरणमा परिवर्तन समाल्न नसक्ने अवस्थामा नपुगेको होइन । यसो भनिरहँदा बहुदलीय व्यवस्थाका अन्ध समर्थकहरूको रौं सिरिंग हुन्छ तर वास्तविकतालाई हामीले बिर्सनु हुँदैन । बहुदलीय व्यवस्थाको घोषणा राजाबाट भयो, सरकार बन्यो । सरकार बनेपछि सबैकुरा ठीक हुन्छ भन्ने नागरिकको मनोविज्ञानमा ठेस लाग्न सुरुवात भयो । त्यसको ज्वलन्त उदाहरण हो त्यसबेलाको सशक्त कांग्रेस र एमालेको संयुक्त सरकारका प्रभावशाली गृहमन्त्रीको कठालो प्रहरी जवानले टेकुको सडकमै समात्ने जुन परिस्थिति बन्यो त्यसले परिवर्तनलाई परिवर्तनकारीहरूको नेतृत्वले समाल्न सक्दैनन् कि भन्ने आभास नदिएको होइन । तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई लाभ र लोभको दास नहुँदा त्यसबखत जनताले दिएको कार्यभार पूरा गरेर निर्वाचनसमेत पूर्वनिर्धारित समयमा सम्पन्न भयो । देशमा पूर्वनिर्धारित समयमा संविधान निर्माणदेखि निर्वाचनसमेत निष्पक्ष सम्पन्न गर्ने ऐतिहासिक रेकर्ड कायम गरेर स्वच्छ प्रधानमन्त्रीको उदाहरणीय व्यक्ति बनेका छन् तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई । शक्तिशाली प्रधानमन्त्री हुँदा आफैं निर्वाचनमा पराजित हुँदाहुँदै पूर्वप्रधानमन्त्रीको रूपमा अनन्तकालसम्म आमजनताले सम्मानका साथ सम्झने एक्लो व्यक्ति हुन् भट्टराई । आफैं निर्वाचनमा पराजयको प्रमाणपत्र लिएर उनले प्रधानमन्त्री पदको तटस्थता, निष्पक्षता र इमानदारीताको रेकर्ड कायम गरे । त्यो कृष्णप्रसाद भट्टराईको इमानदारीता सधैंका लागि नजिर बनेको छ तर त्यसपछिका कुनै पनि प्रधानमन्त्री नजिरका साथ उपस्थित नहुने अवस्था नै नेपालीको दुर्भाग्यको नजिर बनेको छ । सबै पार्टीभित्रका नेताहरूको आन्तरिक झगडा भनेको फगत पदको र पैसाको झगडा हो । सैद्धान्तिक र जनसवालका विषयमा झगडा छैन । कुनै पार्टीसँग कुनै वाद, सिद्धान्त, नीति छैन भन्ने कुरा समयक्रममा पार्टीका नेतृत्वको व्यवहारले प्रमाणित गऱ्यो । सिद्धान्त छ भने सबैसँग कमाउ र मोज गर भन्ने सिद्धान्त छ । यदि पार्टीहरू वाद, नीति र सिद्धान्तले सञ्चालित भएको भए फगत सत्ता अर्थात् नितान्त व्यक्तिगत स्वार्थका लागि यिनीहरू उत्तरी र दक्षिणी ध्रुवको तथाकथित पहिचानको सगरमाथा बनाएका नेताहरू र पार्टीहरू फगत सत्ताका लागि एकै ठाउँमा कसरी हुन्थे ? यदि यिनीहरूसँग वाद, सिद्धान्त र नीति भएको भए उत्तरी र दक्षिणी ध्रुव एकै ठाउँमा हुने कुरा त असम्भवभन्दा पनि कल्पनाभन्दा पनि बाहिरको वस्तु हुन्थ्यो । कमाउ धन्दमा उनीहरू सधैं एकसाथ तर विकास र समृद्धिका सबालमा उनीहरूबीच सधैं बेमेल देखिन्छ । नीतिले, वादले, सिद्धान्तले मिल्ने कतै सम्भावना नभएकालाई, नमिल्नेहरूलाई एकैठाउँमा कुर्मुऱ्याउने शक्तिशाली हतियार धनलोभ र पदलोभ रहेछ । यी दुई वस्तुका लागि जस्तै कुकर्म गर्न पनि तयार बहादुरहरूको जत्थालाई राजनीतिज्ञ भन्नु बाध्यता बनेको छ । जनता र इमानदार कार्यकर्ता लज्जित छन् । नेतृत्व सत्ताको साझेदार बन्न पाउँदा गौरवान्वित छ । एउटै सिद्धान्तमा मात्र होइन एउटै मोर्चामा लड्नेहरूमध्ये सत्तामा हुनेहरू गौरवान्वित र अर्को लज्जित हुने अवस्था सिर्जना गर्ने शक्तिशाली तत्व के हो ? के नेतृत्वमा रहनेहरूले आफूलाई नढाँटी सत्य र तथ्यमा आधारित उत्तर दिन सक्छन् ? देशका लागि जनताको आमूल परिवर्तनका नाममा लडेका भनिएकाहरू आफ्नो र आफ्नाका परिवर्तनमा मात्र केन्द्रीकृत भए । जनताको व्यवस्था गर्छु भन्नेहरू आफ्नोमात्र व्यवस्थामा खुम्चिएका छन् । आफ्नै छोराछोरी, श्रीमती, ससुराली, मावली, भाञ्जाभाञ्जी, ढोके, बैठकेहरूलाई पद र धनधान्यको व्यवस्था गरेर यिनीहरूले पहिले भनेका कुरा नक्कली थिए सक्कली त स्वार्थ सिद्धि हो भन्ने कुरा प्रायः जिम्मेवारीमा रहनेहरूले प्रमाणित गरे । जनतालाई झुक्क्याउन यिनीहरूले पार्टीका नाममा, स्वतन्त्रताको नाममा, जनताको मुक्तिको नाममा, राजतन्त्र र पञ्चायतको विरोधको नाममा वर्षौं गुजारे तर प्राप्त प्रतिष्ठालाई पैसासँग, घरघडेरीसँग, पदसँग स्वार्थसँग, गाडी-घोडासँग, रसरंगसँग, गरगहनासँग र विलासी जीवनसँग निर्लज्जताका साथ साटे ।

प्रायः जिम्मेवारीमा रहेकाहरू प्रतिष्ठालाई लिलाम गरेर विलासिताको महलमा प्रतिष्ठा शून्य छन् । प्रतिष्ठा र धन, सम्पत्तिको सहवास असम्भव रहेछ भन्ने राम्रो प्रमाण हुन् वर्तमान शासकहरू । भविष्यमा पनि धनलोभ र पदलोभ, नातागोता मोहले नकारात्मक उदाहरण बन्ने निश्चित भएको छ । अझै सुन्ने चेतना र विवेक नभएको व्यवहारमा तल्लीन छन् । राजनीति धनार्जनको सजिलो तरिका भएको नजिर प्रस्तुत गरेका कारण व्यवसायबाट असफल हुनेहरू लगानी राजनीतिमा गर्न थाले । उद्यगी-व्यवसायीहरूको आकर्षणले नेताहरू भ्रष्टाचारको उत्कर्षमा छन् । राजनीतिमा धनाढ्यहरूको आकर्षण बढ्दा राजनीतिको केन्द्रमा हुनेले घनश्याम भुसालले भनेजस्तै आँखामात्र झिम्क्याउँदा सबै व्यवस्था गर्न यिनीहरू सफल भए । राजनीतिमा थप विकृति सिर्जना गर्न यिनीहरू इतिहासमा उदाहरणीय भए । सफलता जनता र देशको असफलताको कारण बन्यो । नैतिकता, आदर्श, इमानदारी यी सबै नक्कली थिए भन्ने कुरा यिनीहरूको व्यवहार, जीवनशैली र कार्यशैलीले प्रमाणित गरेको छ । यो दोषारोपण होइन वस्तुगत तथ्य र सत्य हो । वर्तमान शैलीको बहुदलीय निर्वाचनले भ्रष्टहरूलाई मात्रै अवसर दियो । भ्रष्टाचार चुलियो । तसर्थ अहिले मतदाताले नयाँ अनुहारमात्रै खोजेका छैनन् । नयाँ विचार, नयाँ दृष्टिकोण, नयाँ कार्यशैली, जीवनशैली, मितव्ययी र सदाचारी नेतृत्व खोजेका छन् । काम गर्ने क्रममा योग्यता र दक्षता नभए, आचरण नभए फिर्ता गर्ने संवैधानिक व्यवस्था जनताको चाहना हो । कुनै नेतालाई मन पराउने व्यवस्थामात्रै होइन उसलाई मन नपराउन पाउनुपर्ने बुँदा संविधानमा हुनुपर्छ । यदि नेतृत्व लोकप्रिय र योग्य छैन भन्ने जनताको हकलाई सधैं कुण्ठित गर्न सकिँदैन र हुँदैन पनि । उम्मेदवार बेठीक छ भन्ने मत जाहेर गरेर उसले प्राप्त गरेको मतलाई घटाउन सकिने संवैधानिक व्यवस्था त्यत्तिकै जरुरी देखियो । चरित्रहीन भ्रष्ट नेताहरूलाई मात्रै अवसर दिने वर्तमान संविधनको विकल्प खोजेका आवाजहरू जबर्जस्त सुनिन्छन् । राजनीतिको शब्दकोषमा सायद निर्विकल्प भन्ने शब्दावली नभएकाले विकल्पको खोजी सदैव प्राथमिकतामा रहन्छ भन्ने हेक्का सत्तासीनहरूलाई सधैं धोका दिनेछैन । हाम्रो दुर्भाग्य राजनीति राज्यसत्ताका लागि र राज्यसत्ता धन संकलन र विलासिता भयो । यो चरित्रको अन्त्यबाटै देशको विकास र समृद्धिको चरण सुरुवात हुन्छ । त्यस चरणमा प्रवेश गर्न रोक्ने 'पार्टी नै नेतृत्व हो र नेतृत्व नै पार्टी हो' भन्ने सोच र दृष्टिकोणविरुद्धमा ऐक्यबद्ध हुन कार्यकर्ताले भ्रष्टाचारी नेताबाट प्राप्त पार्टी सदस्यता रूपी लगामलाई फाल्नुपर्छ । जिम्मेवारीमा रहनेहरूले वाद, नीति र सिद्धान्तले मात्र चल्ने पार्टीलाई जे जसरी मन लाग्यो त्यसरी स्वार्थपूर्तिको हतियार बनाउँदा वाद, नीति र सिद्धान्तलाई यिनीहरूले नांगेझार पारे । अहिले सबै पार्टी र पार्टीका टाउकेहरू निर्वस्त्र भएका छन् । यिनीहरू कथाकार हेन्स एन्ड्रेसनको कथामा वर्णन भएको बादसाह जस्तै आमनागरिकको मन र मस्तिष्कबाट नांगिएका छन् । आफ्नै बोली, जीवनशैलीले यिनीहरू एकाएक सिलोटमा रूपान्तरण भएका छन् । पञ्चायतकालमा बहुदलीय नेताहरूको देशव्यापी सम्मानलाई जनआन्दोलनले अझ चुल्याएको थियो । सत्तामा गएपछि जनआन्दोलनलाई आफ्नो र आफ्नाका लागि धनआन्दोलन बनाए । परिणामस्वरूप उनीहरू धार्नीबाट सेरमा झरे । त्यस्तै अर्काथरिले सशस्त्र युद्ध भने । त्यसबखत पनि उनीहरूले राज्यको ढुकुटी कसरी हुन्छ लुट्ने रणनीति अख्तियार गरे । हत्याहिंसाको गन्तव्य वास्तवमा राजनीतिक परिवर्तन नभएर आफू र आफ्नाको आर्थिक परिवर्तन रहेछ । अहिले उनीहरूको व्यवहार, जीवनशैली र कार्यशैलीले के प्रमाणित गऱ्यो भने त्यो वास्तवमा युद्ध नभएर धनयुद्ध नै रहेछ । अहिले त्यसका योद्धाहरू र समर्थकले बल्ल थाहा पाए कि हामीले सहयोग युद्धका नाममा गऱ्यौं वास्तवमा त्यो त मुठीभर नेताहरूका लागि धनयुद्ध रहेछ । राजनीति जनसेवाका लागि हो व्यक्तिगत पद र धन लाभमा होइन भन्ने सामूहिक खबरदारी आजको अपरिहार्य आवश्यकता हो । **-इहिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। व्यापारमा राम्रै धनलाभ पनि हुनेछ । | **तुला** : महत्वपूर्ण कामको थालनी हुनेछ । लक्ष्मी प्रसन्न हुने योग छ । |
| **वृष** : राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ । | **वृश्चिक** : नयाँ काम सुरु गर्ने समय छ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **मिथुन** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । | **धनु** : मित्रबाट विशेष सहयोग मिल्नेछ । लाभदायक यात्रा पनि होला । |
| **कर्कट** : लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । | **मकर** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ । |
| **सिंह** : मेहनत कडा गर्नाले रोकिएका अधुरा काम पुनः सुचारु हुनसक्छ । | **कुम्भ** : घरमा अतिथिको आगमन हुनेछ । संगीतमा रुचि पनि बढ्नेछ । |
| **कन्या** : नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । | **मीन** : स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ । |




बाल कथा ● सुश्रुतराज न्यौपाने

# तेजसको तेज



एकादेशमा एक जना शिक्षक पढाएर घर आउँदै थिए । घर आउँदा उनकी श्रीमतीले भनिन्- बुढो, मेरो पेटमा बच्चा छ । श्रीमती पेटमा बच्चा हुँदा शिक्षक खुसीले रमाए । श्रीमतीको पेटबाट बच्चा यो संसारमा भित्रिने दिन थियो । उनलाई हस्पिटल लगियो । दुई घण्टापछि एउटा शिशु यो संसारमा आए । शिक्षक र उनकी श्रीमती खुसी साथ घर गए । बच्चाका लागि कपडा आवश्यक सरसामान पनि शिक्षकले किने । दुवैले उनको नाम तेजस राखे । समय बित्दै गयो । छिमेकमा पनि तेजस जस्तै धेरै साना बच्चा थिए । तेजस र साना बच्चाहरू बाहिर आँगनमा उभिएर मोबाइलमा मोटुपत्लु हेर्दै थिए । बुबा र आमाले तेजसलाई भित्र घरमा आउन भने । तेजस घरमा आउँदा आफ्नो आमालाई भने- मामु मलाई मोबाइलमा मोटुपत्लु हेर्न दिनुहोस् न । बालकले के भन्न चाहेको कुरा आमाले बुझिन् । आफ्नो मोबाइलमा मोटुपत्लु हेर्न दिइन् ।

बेलुकी बुबा घरमा आउँदा छोरोले मोबाइलमा मोटुपत्लु हेरेको देखे । श्रीमतीलाई गाली पनि गरे । छोरोलाई यो बिस दियौ भने छोराको भविष्य के हुन्छ ? श्रीमतीले भनिन्- के चाहिँ हुन्छ र ? श्रीमान् रिसाए । बच्चातिर गएर मोबाइल खोसे । तर बाबाले तेजसलाई मोबाइलमा अंग्रेजीको पेपा पिग चाहिँ हेर्न दिए । त्यो पेपा पिग तेजसलाई मन परेन । उनी रुँदा रुँदा गरेर चुप पनि भएनन् । त्यसपछि पनि बुबाले मोटुपत्लु हेर्न दिएनन् तर बच्चालाई के थाहा ? उनको बुबाले उनकै अंग्रेजी भाषा राम्रो बनोस् भन्नका लागि भनेका थिए ।

धेरै दिन बित्यो र पेपा पिग तेजसलाई मन पर्न थाल्यो । त्यसपछि बुबाले उनलाई टिनेज अंग्रेजी भिडियो देखाउन थाले । त्यो पनि पहिला उनलाई मन परेन । केही बुझेकै थिएनन् । केही समयपछि उनलाई धेरै मन पर्न थाल्यो । उनले आफ्नो बुबालाई धेरै माया गर्न थाले । तर आमाको पनि धेरै माया थियो ।

*दुई वर्ष बित्यो । बुबाले उनलाई अंग्रेजी भिडियोको पनि लत छुटाए । अंग्रेजीको टाइपिङ सिकाउन थाले । यो काम गर्दा उनी गाह्रो भएर रोएका थिए । आँसु झरी झरी टाइप गरे । एक वर्षमा उनले छिटो छिटो टाइप गर्न थाले । उनको यो बानी पनि जस्ताको त्यस्तै रहिरह्यो । तेजसलाई बुबाले नेपाली पनि टाइप गर भने । उनलाई 'बकमान सपिवज सहअखद' टाइप गर्न दिए । उनले रुँदै टाइप गरे । एक दिन सबैभन्दा गाह्रो चिज सिक्ने उनको जिन्दगीको धोको थियो । उनले नेपाली टाइप पनि पार गरे । अन्त्यमा उनको बुबाले भने कि बाबु तिमीलाई सबै आउँछ एउटा कथा लेखेर छपाऊ । छोराले हुन्छ भने । उनले पत्रिकामा कथाहरू छपाए । तेजसले यो कुरा बुझे कि जब एउटा स्पेस रकेट उड्छ तब उसका पछाडीका भागहरू अलग हुँदै जान्छन् । रकेटले वायुमण्डल छोडेपछि एकछिनपछि एउटा भाग अलग हुन्छ । यसरी अन्य भागहरू पनि क्रमशः अलग हुँदै जान्छन् । स्पेसमा ल्यान्ड हुँदा स्पेसक्राफ्ट मात्रै बाँकी हुन्छ । जिन्दगीमा सफल हुन हरेक तह पार गर्दै जानु पर्छ । एक एक गर्दै त्याग गर्न पनि सिक्नु पर्छ ।*

दुई वर्ष बित्यो । बुबाले उनलाई अंग्रेजी भिडियोको पनि लत छुटाए । अंग्रेजीको टाइपिङ सिकाउन थाले । यो काम गर्दा उनी गाह्रो भएर रोएका थिए । आँसु झरी झरी टाइप गरे । एक वर्षमा उनले छिटो छिटो टाइप गर्न थाले । उनको यो बानी पनि जस्ताको त्यस्तै रहिरह्यो । तेजसलाई बुबाले नेपाली पनि टाइप गर भने । उनलाई 'बकमान सपिवज सहअखद' टाइप गर्न दिए । उनले रुँदै टाइप गरे । एक दिन सबैभन्दा गाह्रो चिज सिक्ने उनको जिन्दगीको धोको थियो । उनले नेपाली टाइप पनि पार गरे ।

अन्त्यमा उनको बुबाले भने कि बाबु तिमीलाई सबै आउँछ एउटा कथा लेखेर छपाऊ । छोराले हुन्छ भने । उनले पत्रिकामा कथाहरू छपाए । तेजसले यो कुरा बुझे कि जब एउटा स्पेस रकेट उड्छ तब उसका पछाडीका भागहरू अलग हुँदै जान्छन् । रकेटले वायुमण्डल छोडेपछि एकछिनपछि एउटा भाग अलग हुन्छ । यसरी अन्य भागहरू पनि क्रमशः अलग हुँदै जान्छन् । स्पेसमा ल्यान्ड हुँदा स्पेसक्राफ्ट मात्रै बाँकी हुन्छ । जिन्दगीमा सफल हुन हरेक तह पार गर्दै जानु पर्छ । एक एक गर्दै त्याग गर्न पनि सिक्नु पर्छ । तेजसले मोटुपत्लु, पेपा पिग, टिनेज स्टोरी सबै त्याग गर्न सकेकाले उनी आफैँ टाइपिङ गरी सफल बाललेखक पनि बने ।

*-रातोपाटी डटकम*

निबन्ध ● नम्रता गुरागाईं

# बचरा गुँडबाट उडेपछि...

मामु मलाइ त्यो टमस ट्रेन किन्दिनु न, हुन्छ ? किन्दिन्छु तर मसंगै बस् ल ! पहिलोदिन प्रीस्कूल गएको मेरो छोरोलाई के भनेकी मात्र थिएं , "अनि थुरो मान्छे हुनु पर्दैन त स्कूल गएर ?" भन्दै उत्तिखेरै नाजवाफ बनाएको थियो मलाइ। सायद सबै आमाले भन्ने एउटै कुरा "पढेपछि मात्र ठूलो मान्छे भइन्छ, एकछिन पढन आउ ल !" मैलेपनि उसलाइ भनेकि थिएं होला पढन बसाउने क्रममा । त्यो दिन चाहिं स्कूल कत्तिको मन परायो भनेर उसलाई जांचेकी मात्र थिए । प्रसंग त्यही थुरो हुने मान्छेको । उपनि हाइस्कूल सकेर कलेजका लागि घरबाट हिंडेपछि कहां शुन्य भएन होला र ! न भान्साकोठा, न सुत्नेकोठा, न खेल्ने ठाउं न त हिडने बाटो नै। हिजोसम्म कति कराएका ! एकछिन त शान्तले बस न ! भन्ने घर एकाएक खालीखाली लाग्यो । सांच्चै छोराछोरीको नभएको घरको शुन्यताको मापन गर्ने डिग्री कस्तो होला हं ? दुइवर्ष अघि छोरी जांदा कतिदिनसम्म खाना घांटीमै अडिकिरहयो, हांसो मुखैमा अडिकिरहयो, बास्तबमा मेरा दैनिकी नै अडिकिरहे धेरैदिनसम्म। भाइ उभन्दा २ वर्षमात्र कान्छो भएकाले दुइ वर्षपछि फेरी यो दिन आउंछ भन्ने थाहा थियो तर आएको दिन फेरी उस्तै घरपनि खाली,मनपनि खाली भयो । मेरो काख खाली भयो । समग्रमा मेरो मनको सानो संसार नै खाली भयो ।

काखको बच्चा कतै छोडेको छ, लिन जानुपर्छ भनौ भने १८ वर्ष पुगेको छोरालाई उसको कलेजमा पुर्याएर फर्केको धेरै भएको छैन, होइन भनौ भने मनमा चैनपनि छैन । घर रित्तो भनौ भने छोरो बाहेक अरु सबै छन घरमा तर आंखा जुधाएर कसैसंग बोल्न सकेकीपनि छैन । अघिपछि ख्यालठट्टा गर्ने हामी आमाछोरीपनि एकाएक रोकियौ। मेरो चिन्ता केही कम हुन्छ कि भनेर होला सायद उसले "आज हामी संगैं सुतौ अनि भोली उठेर संगै पार्क जाने है मामु" ? भनी । उठन सक्छौ र? आजकै दिन त हो लामोसम्म सुत्न पाउने ! भोली त तिमी नि जानुपर्छ । पर्दैन तिमी सुत, म छिटै गएर आउंछु भने मैले, तर उसले मानिन । भोली बिहान संगै पार्क जाने सर्तमा आमाछोरी सुत्यौं । संगै सुत्यौं मात्र, गफ गरेनौं । छोरी गफ गर्न मलाइ कोट्याइरहेकी थिइ तर म बोल्न सकिरहेकी थिइन। नबोल्दा नबोल्दै सम्झनामा आएका उनिहरुका बालसुलभ दिनहरु ममा सिनेमाको रिलजस्तै घुम्न थाले । मसंग बोल्न खोज्दाखोज्दै विचरा उ भुसुक्कै भइछे । ममा भने उनिहरुका अबोधपनाहरु एकएक गरेर आँखा अगाडि नाच्न थाले । वितेका दिनहरु सम्झदासम्झदै खै कतिखेर म निदाए, थाहै पाइन् । भोलिपल्ट बिहानै आंखा खुले । छोरी निदाइरहेकी थिइ । म सरक्क उठें । केही वर्ष अगाडि नै घरका सबैजना दिनभरी बाहिर हुनाले को कहां छ भनेर हेर्न आ-आफनो फोनमा ३६० एप्लिकेसन डाउनलोड गरेका थियौं । फोन टिपेर त्यही एप्लिकेसन हेरें । छोरो जहाँ छोडेर आएकी थिएं हिजो त्यहि बिल्डिङमा रहेछ । ओछ्यान सजिले भएछ क्यारे, सुतेछ मेरो बच्चा..... मनले भन्यो । एक्लै मुसुक्क हांसें र चित्त बुझाएं । मन ढुक्क भएपछि पार्क जानलाई ठीकाठाक परे । आफू तयार भएपछि छोरीलाई उठाए । हामी तुरुन्तै निस्कियौं । बाटाभरी गफ नआएकाले छोरी बेलाबेलै बोल्नलाई कर लाइरहन्थी । म हुन्छ भन्थें तर के बोल्ने शुरु गर्नै आएन, मात्र शुनसान म हिंडिरहें। म नबोलेकाले अर्को हप्ता त भाइ आइहाल्छ नि मामु ! किन यस्तो पीर गरेको ? उसले हाइस्कूल नै नसकि म घरै बस्छु, पढदिन भन्या भए के गर्नु हुन्थ्यो ? भन्दै मेरी बालख छोरीले मलाई संझाइ । मेरो सानो बच्चाले सम्झाउनु परेकोमा मलाइ कताकता असजिलोपनि लाग्यो तर छोराछोरीका अगाडि सधैं उस्तै बलियो कहां हुंदीरहिछ र आमा ! पार्कबाट फर्केपछि छोरीलाईपनि कलेजमा पुऱ्याउनु थियो । चांढै खाना बनाए । साथीहरुसंग मिलेर अपार्टमेण्टमा बस्ने, आफै पकाएर खाने भनेकीले खाना बनाउंदै उसको भान्सालाई चाहिने कुरा ठीक पारिदिदै गए । खानेकुरा पाकिसकेपछि खाना पस्किए, मुखमा हाले पनि तर घाँटीबाट तल जान पटक्कै मानेन । हिजो छोरालाई आफू बसेको राज्यको पश्चिमतिर छोडेर आएकीले मेरा आंखापनि पश्चिमतिरै उचालिएछन । नराम्रोसंग बर्सिए आँखा । सम्झनाको भेल बाढी मनका गह्वागह्वामा पस्यो, केहीबेरसम्म रोक्नै सकिन आफूलाई । एकछिनपछि तैंले गर्दा सबैको भोक चौपट पारिस। पढन गएको हो तेरो छोरो आइहाल्छ नि भोली! अब यसो नगर ! भनेर मेरो भित्रि मनले सम्झायो र थोरै निलें । चांढै धन्दा सकेर छोरीलाई पुर्याउन निस्कें । बाटाभरी गफ गरिएन मात्र आफैले हांकेको गाडीको आवाज सुन्दै बाटो काटिरहे । हामी चांडै नै अपार्टमेण्टमा पुग्यौं । लगेका सामान सबै उसका भान्सामा राखिदिएर फर्किए । छोरीलाइपनि छोडेर आएपछि त काहि नभएको शून्यता छायो । घर आउनै मन लागेन तर कहाँ जाने र ? मलिन अनुहार लिएर घरभित्र छिरें । बुढाबुढीको दोहोरो गफपनि भएन । भोलीपल्ट अफिस जानु छ, आँखा पटक्कै जोडिएनन, तैपनि निदाउन कोशिस गरे । खानेबेलामा धेरै दिन आँखा र मन उतै छोराछोरी भएतिरै पुगिरहे । अफिसमा हुंदापनि हरेक कामपछिका ब्रेकमा मन घरी छोरी भएतिर उडयो, घरी छोरो भएतिर । यस्तै मन उडने क्रममा फेरी एकपल्ट मेरो पहिलोपल्ट कलेज जानेबेलामा उडेर पुग्यो । म काठमाडौमा दिदीसंग बसेर आइ. ए. पहिलो वर्ष पढन जानकालागि ठिकठाक पर्दै गर्दा आमाले "नजान नानी, यतै धरान, विराटनगरमा पढ, त पनि गए अब घरमा कोहीपनि हुदैन" भनेको कुरा सम्झिए । आमाको मन कस्तो भएको थियो होला त्यतिबेला, अहिले बल्ल थाहा पाउदैछु । नपरी कहाँ चेतिने रहेछ र ! त्यो बेला म पनि त १६ वर्षे अल्लारे उमेरकी मान्छे, आमाको चिन्ता बुझ्ने नै कहां भइसकेकी थिए होला र ! छोराछोरीको उमेर सम्झदा म आफनै अतितमा हराएछु एकछिन् । सन्तानले घर छोडेपछि आफूमा भएको जांगरपनि उनिहरुसंगै जानेरहेछ कि क्या हो केही गर्न मन लाग्दैन त । बिशेष गरेर आमालाई यो खान्छु र त्यो खान्छु भन्ने सानोमान्छे घरमा नहुँदा केही बनाउन जांगर नचल्ने, बनाएपनि खान मन नलाग्ने अथवा केटाकेटी छैनन भनेर मन त्यसै मार्ने काम धेरै भए मेरा । अझै भइरहेका छन । आफनो खाना खाने बेलामा के खाए, मिठो भयो कि भएन भन्ने लागिरहन्छ । अरु आमाका त छोराछोरी नै बाहिर नगएजस्तो लाग्छ । गनगन गरिरहन मन लाग्छ, हैन के भाको ? कहिलेसम्म मैले यस्तो गर्ने, म अब परिवर्तन हुनुपर्छ भन्छ एउटा मनले तर अर्को मनले दिदैन। उनिहरु गएको २ महिनापछिदेखि चाहिं छोरोछोरीलाई आफनो वेगमा उडन नदिए भोली उनिहरु कसरी बलिया होलान र ! मैले यो के गरिरहेछु, आफूलाई परिवर्तन गर्नुपर्छ अब भनेर बिस्तारै अलिक फरक हुन थाले । उनिहरुलाई धर्तीमा ल्याउनु अघिको मेरो जीवन र समयलाई सम्झिन थाले । खाइराखेको जागिर राजिनामा दिएर केही वर्षदेखि हाम्रो एक्लाएक्लै बाँचेको समयको मिलन गराउन मैले घर छोडेको सम्झिए । मायाको एउटा प्यासीले घर छोडेपछि अरु धेरै मायाहरु छोडेको सम्झिए, जुन आफन्तको माया, गाउँघरको माया, समाजको माया, समग्रमा सिंगो देशको माया भएर बेलाबेलै दुख्न थालेको सम्झिए । त्यो दुखाइलाई कम गर्न मैले आफैले केही गर्नुपर्छ भनेर आफू घोटिएको कुरा सम्झिए र चित्त बुझाउन थाले । विगत सम्झने क्रममा म आमा भएको सम्झिए । कहिल्यै नसम्हालेका जिम्मेबारी आएका थिए म माथि, जुन गर्दिन भनेर पन्छिन मिल्दैनथे । अघिसम्म देखेका सपनाहरुका विपना अर्कै अर्कै भएर आए । मेरो ब्यस्तताको घडी भित्ते घडी अनुसार चल्न छोडयो । ओ..हो.. सपना देख्नु र विपना भोग्नुमा कति धेरै अन्तर हुनेरहेछ हगी ! ति दिनका ब्यस्तताहरुले रमाउन सिकाए मलाइ । मेरो जीवनको अर्को पाटोको सिकाइले सिसु कक्षाबाट विश्वविद्यालयसम्मै पुऱ्यायो मलाइ । आफ्नै मेहनतले भाग्य कोर्दै आएकी मलाइ अब आफूभन्दा सानाको हातमा भाग्य कोर्न सिकाउनु लर्तरो कुरा कहां थियो र! तर जानेर या नजानेर अलिअलि कोर्न सिकाए । सानाहरुले प्राइमेरी स्कूलका प्रविधिका कुरा गर्दा, प्रोजेक्टका कुरा गर्दा शुरुशुरुमा त झस्किन्थें, जुन कुरा मैले विश्वविद्यालयमा पुगेपछिमात्र थाहा पाएकी थिए । समस्याको जरासम्म पुगेर बुझ्नका लागि म पनि उनिहरुले गरेका प्रोजेक्टहरु हेर्थें । उनिहरुलाई सिकाउने र आफूले उनिहरुबाट सिक्ने क्रममा मैले १७ वर्षसम्म पढेर पाएको प्रमाणपत्रहरु नहेरी बस्नपनि कहाँ सक्थे र ! ढुसी परेकी भनेर फुर्सदमा तिनलाई खोलेर हेर्थें र उसैगरी पट्याएर राख्थें । अर्कै ठाउं, रहनसहन र बुझाइको आपट्टेको जंगल मैले पढेर आर्जन गरेको ज्ञानभन्दा फरक थियो तर हार मानिन् । छोराछोरीसंगै मपनि पढदै गए, बढदै गए । उनिहरुपनि कक्षा चढदै गए । साथिभाइका छोराछोरीले विद्यालयको पढाइ सकेर बिश्व विद्यालयका लागि घर छोडे रे भन्दा यिनिहरुले पनि मेरो गुड एकदिन छोडछन् भन्ने त थाहा थियो तर थाहा हुनु र सांच्चै छोडेको दिनको सामना गर्नु बिल्कुलै फरक कुरा रहेछन् । घर शून्य हुँदाका शुरुशुरुका दिनहरु धेरै कठिन भए मलाइ । श्रीमानजी संगै हुँदापनि कसका लागि छिटो घर आउनेहोला र ! घरमा को छ र मीठो पकाउनु होला ! जस्तो लाग्न थाल्यो । अफिसका सहकर्मीहरुसंग कुरा हुँदा छोराछोरीको अनुपस्थिति नै मेरो कुराको विषय हुन्थ्यो । कुरा गर्दा गर्दै मेरो अनुहारको रंग बदलिन्थ्यो, बोल्ने ढंग बदलिन्थ्यो । म बदि्लएको देखेर होला एकदिन तीनओटा नातीनातिनाकी धनी मेरीले "अब पहिला गर्न नपाएका कामहरु गर न ! के चिन्ता लिएर बसेकी, हाम्रापनि छन नि घर छोडेर गएका छोराछोरी" ! भनी । "माया कम हुँदैन, झन पर गयो झन धेरै लाग्ने रहेछ । फोनमा कुरा हुँदा के के भएको छ सबै कुरा सुनाउछन मेरा छोराछोरीले मलाइ", ७ वटा छोराछोरीकी आमा एप्रिलले भनी । उनिहरुका कुरा सुनिसकेपछि यिनिहरुले भनेको ठीक हो त ? के अब मपनि यसै गर्न सक्छु त ? प्रश्नहरुले घेरा हाले मलाई । बिस्तारै आफूले आफैलाई सम्झाउदै गए । छोराछोरी हाइ स्कूल जान थालेदेखि सबेरै उठन परेकोले उनिहरु घरबाट हिंडेपछि अफिसको काम बाहेक कि त लेखपढ गर्थे कि त पार्कतिर जान्थें, त्योपनि मुड चलेमा । हिडनलाई सधै जांगरपनि नआउने । कहिलेकाहि त छिमेकी बैनीहरुलाई उचालेर लिएर हिडथें तर उनिहरुका साना नानीहरु भएकाले सधै हिडनपनि सम्भब नहुने । बुढालाई भलिबल खेल्दै एक्सरसाइज पुगिसक्छ, घरमा आएपछि के जाउ भन्नु र ! कहिलेकाहि त मलाइमात्र किन हिडन पर्यो भन्या जस्तो लाग्थ्यो र निच मारेर बस्थे । केही दिनपछि हिडने क्रम छुटथ्यो । छुटेपछि फेरी आफै गनगन गर्यो थाल्यो यता दुख्यो र उता दुख्यो भनेर । हरेक नर्या वर्षमा रुटिन बनायो केही समय त्यसमै लागि पर्यो अनि छोडयो, यस्ता काम धेरै भए मेरा । हो, यही निरन्तरता दिन नसकेको काम अब गर्छु भनेर कस्सिए ।

*-समकालीन साहित्य डटकम*

# लुम्बिनी प्रदेश : संसदीय समिति चयनमा अलमल




**दाङ,** माघ ३/लुम्बिनी प्रदेशसभामा संसदीय समिति चयनमा अलमल देखिएको छ । सरकारमा रहेका दलहरुबिच भागबण्डा नमिल्दा समिति चयनमा अलमल देखिएको हो ।

समितिको निर्वाचन नहुँदा लामो समयसम्म संसद् संसदीय समिति विहीन बनेको छ । यस अघि पुस १७ गते समितिको निर्वाचन मिति तोकिए पनि स्थगित हुन पुगेको थियो । सरकारमा रहेका साना दलहरूले संसदीय समितिको सभापति दाबी गरेपछि निर्वाचनमा ढिलाइ भएको स्रोतको भनाई छ । सरकारमा रहेका साना दलहरूले चार वटा समितिको सभापति आफूहरूले पाउनु पर्ने अडानमा छन् । यसअघि कांग्रेसले दुई, प्रतिपक्ष एमालेले २, माओवादीले १ र राष्ट्रिय जनमोर्चाले एउटा समितिको सभापति पाउने गरी दलहरूको सहमति थियो । तर सरकारमा रहेका अन्य साना दलहरूले पनि समितिको नेतृत्व पाउनु पर्ने अडान लिएपछि नेतृत्व चयनमा सकस देखिएको छ । सरकारमा पनि धेरै मन्त्रालय ठूला दलहरूले नै लिने अनि संसदीय समितिको नेतृत्व चयनमा पनि आफूहरूलाई उपेक्षा गर्न खोजिएको भन्दै साना दलहरूले चार वटा समितिको नेतृत्वमा दाबी गर्दै आएका छन् । चुनावका लागि पुस १६ गते उम्मेदवारी दर्ताको मिति तय गरिएको थियो तर उम्मेदवारी दर्ताको अघिल्लो दिन साना दलहरूले समितिको नेतृत्व पाउनु पर्ने नयाँ माग राखेपछि हाललाई चुनाव रोकिएको छ । मन्त्री नियुक्तिमा आलोचित बनेका मुख्यमन्त्री चौधरीले सभापति चयनमा आफू थप विवादमा आउन सक्ने त्रासदीमा रहेकाले पनि संसदीय समितिको निर्वाचन गराउन आनाकानी गरेको केही सांसदहरुको आरोप छ । अहिले सम्म पनि संसदीय समिति नबन्दा प्रदेश तथा सरकारको कामकारबाही मनमौजी रुपमा चलिरहेको प्रतिपक्ष एमालेको आरोप छ । उसले सरकारले गरेका कामकारबाही निगरानी कसैले नगरोस् भनेर नियतवस् रुपमा यस्ता समिति निर्माणमा ढिलाइ गरिएको दाबी समेत गरेको छ । सरकार तथा संसद्को कामकारवाहीको निगरानीका लागि मात्रै हैन, कानुन निर्माण तथा सन्दर्भमा पनि यस्ता समितिहरू महत्वपूर्ण हुन्छन् ।

प्रदेशसभा निर्वाचन भएको एक वर्षभन्दा बढी भइसके पनि संसदीय समिति अझै नेतृत्वविहीन छन् । यहाँ अर्थ, उद्योग तथा पर्यटन समिति, प्रदेश मामिला तथा कानुन, सार्वजनिक लेखा, भौतिक पूर्वाधार तथा विकास, सामाजिक विकास र कृषि वन तथा वातावरण समिति छन् । प्रदेशसभाको ६ समितिमा लेखासहित दुईवटा समितिको सभापति प्रमुख प्रतिपक्षी दल एमालेलाई दिने र बाँकी सत्ता गठबन्धनले लिने विषयमा छलफल भएको छ । यद्यपि सत्तारूढ गठबन्धनभित्र कसले कुन समितिको नेतृत्व लिने भन्ने टुङ्गो लागेको छैन ।

## पाल्पामा नारायणडाँडा क्रिकेट...

...प्रतियोगिताको उद्घाटन शत्रलाई सम्बोधन गर्दै प्रमुख अतिथि तथा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष समेत रहेका भट्टराईले प्रतियोगिताले राष्ट्रियस्तरका खेलाडी उत्पादनमा महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले क्रिकेट संघले गर्नुपर्ने काम क्लवले गरेकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा समेत खेल प्रतियोगितालाई निरन्तरता दिनुपर्नेमा जोड दिए । अध्यक्ष भट्टराईले जिल्ला क्रिकेट संघले स्थानीयस्तरका खेलाडीहरुको क्षमता वृद्धि गरी राष्ट्रियस्तरका खेलका लागि खेलाडी उत्पादनमा ध्यान दिने गरी योजना बनाएको बताए । उनले आगामी प्रतियोगितामा संघले क्लवलाई आवश्यक सहयोग गर्ने समेत धारणा व्यक्त गरे । खेल क्षेत्रको विकासमा तीनै तहका सरकारले पनि ध्यान दिनुपर्ने अध्यक्ष भट्टराईले बताए । खेल प्रतियोगिताका संयोजक नवराज बस्यालले राष्ट्रिय खेलका रुपमा रहेको क्रिकेटमा खेलाडीहरुको आकर्षण बढाउनुको साथै खेल क्षेत्रलाई चलायमान बनाउन प्रतियोगिता गरिएको बताए । उनले गाउँ- गाउँमा थुप्रै खेलाडीहरु रहेकाले उनीहरुलाई क्रिकेटसँग जोड्न प्रतियोगिता महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

उद्घाटन खेलमा एमआइ वि तानसेन र पाल्पाली क्रिकेट प्लेयर (पीसिपी) बिच प्रतिस्पर्धा भएको थियो । जसमा एमआइ वि तानसेन विजयी भएको छ । दोस्रो खेल बराड्दी क्रिकेट क्लव र सम्झना युवा क्लव अर्गेली बिच खेल भएकोमा सम्झना युवा क्लव विजयी भएको छ । यस्तै तेस्रो खेलमा मदनपोखरा क्रिकेट क्लव र राम्दी क्रिकेट बिच प्रतिस्पर्धा हुँदा राम्दी क्लव विजयी भएको छ । प्रतियोगिता माघ ६ गतेसम्म सञ्चालन हुनेछ । खेलमा १५ टिमको सहभागीता रहेको क्वलले जनाएको छ ।

प्रतियोगितामा प्रथम हुनेलाई नगद २० हजार, कप, मेडल र प्रमाणपत्र, द्वितीय हुनेलाई १० हजार, कप, मेडल र प्रमाण पत्र प्रदान गरिने छ । यस्तै प्रतियोगितामा म्यान अफ द टुर्नामिन्टलाई सिल्ड र प्रमाणपत्र, बेस्ट ब्याट्समेनलाई सिल्ड, प्रमाणपत्र, बेस्ट बलरलाई सिल्ड, प्रमाणपत्र र म्यान अफ द म्याचलाई मेडल प्रदान गरिने क्लवले जनाएको छ । प्रतियोगिताको उद्घाटन शत्र क्लवका अध्यक्ष विक्रम घिमिरेको अध्यक्षता, खेल संयोजक नवराज बस्यालको स्वागत, रविन गैरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

खेलकुद समाचार

## कर्णाली प्रदेशद्वारा लुम्बिनी पराजित



**काठमाडौं,** माघ ३/प्रधानमन्त्री कप एकदिवसीय पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको बुधबारको खेलमा कर्णाली प्रदेशले लुम्बिनी प्रदेशलाई ६० रनले हराएको छ । जारी प्रतियोगितामा तेस्रो खेल खेलेको कर्णाली प्रदेशले हासिल गरेको यो दोस्रो जित हो ।

कर्णाली प्रदेश यसअघि एक खेलमा विजयी र एक खेलमा पराजित भएको थियो । लुम्बिनी प्रदेशको भने जारी प्रतियोगितामा यो दोस्रो हार हो । लुम्बिनी प्रदेश यसअघि एक खेलमा विजयी र एक खेलमा पराजित भएको थियो । सिद्धार्थनगर रंगशालामा टस हारी पहिले ब्याटिङको निम्तो पाएको कर्णाली प्रदेशले निर्धारित ४५ ओभरमा नौ विकेट गुमाएर एक सय ८४ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको लुम्बिनी प्रदेशले भने ४१.२ ओभरमा अलआउट हुनुअघि एक सय २४ रनमात्र बनाउन सक्यो । लुम्बिनी प्रदेशका लागि कृष्ण कार्कीले सर्वाधिक ४७ रन बनाए । सातौं नम्बरमा क्रिज समाल्न आएका कृष्णले ७७ बलको सामना गरी एक छक्का र तीन चौका पनि हिर्काएका थिए । ओपनर ब्याट्सम्यान मृनाल गुरुङले पनि २२ रन बनाएका थिए । लुम्बिनी प्रदेशका अन्य ब्याट्सम्यानले भने गतिलो प्रदर्शन गर्न सकेनन् । मोहम्मद हुसैन १० रनमा पेभेलियन फर्किए । ओपनर सम्राट भुसाल आठ रनमै आउट भएका थिए । टोलीको खातामा निर्मल गुरुङले पनि १० रन थपे । अभिषेक गौतमले नौ रन बनाए । लुम्बिनी प्रदेशले अतिरिक्त रुपमा पनि १५ रन पाएको थियो । कर्णाली प्रदेशका बलर दिनेश अधिकारीले तीन विकेट लिए । अनुज चनरा र दीपेन्द्र रावतले पनि दुई-दुई विकेट हात पारे । दिवान पुनले पनि एक विकेट लिए । त्यसअघि कर्णाली प्रदेशका माथिल्लो क्रमका ब्याट्सम्यान लामो समय क्रिजमा टिक्न सकेका थिएनन् । तल्लोक्रमका ब्याट्सम्यानले सुधारिएको प्रदर्शन गरेपछि कर्णाली प्रदेशले राहत अनुभव गरेको थियो । कर्णालीका लागि नवौं नम्बरमा क्रिज समाल्न आएका दीनेश अधिकारीले अर्धशतकीय पाली खेले । उनले टोलीका लागि अविजित ५६ रनको योगदान गरे । टोली अफ्ठ्यारो अवस्थामा रहँदा उनले केवल ५९ बलको सामना गरी दुई छक्का र ६ चौका पनि हिर्काएका थिए । दीपेन्द्र रावतले पनि टोलीका लागि ४७ रनको योगदान गरे । सातौं नम्बरमा क्रिज समाल्न आएका उनले ६९ बलको सामना गरी एक छक्का र तीन चौका पनि हिर्काए । चौथो नम्बरका ब्याट्सम्यान हिमांशु शाहीले पनि टोलीको खातामा २५ रन थपेका थिए । उनले ४२ बलको सामना गरी पाँच चौका प्रहार गरे । कप्तानसमेत रहेका ओपनर ब्याट्सम्यान रविन्द्र शाही भने ११ रन बनाउँदै आउट भएका थिए ।

अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा दोहोरो अंकको गिरावट




**पाल्पा,** माघ ३/तीव्र उतारचढावका बीच नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक १२ दशमलव १० अंकले घटेर दुई हजार एक सय ६३ दशमलव ०६ विन्दुमा कायम भएको हो ।

तीन सय कम्पनीको तीन करोड ३५ लाख २५ हजार सात सय दुई कित्ता शेयर दुई लाख १० हजार चार सय ७१ पटक खरिदबिक्री हुँदा रू नौ अर्ब ७६ करोड ८९ लाख ६९ हजार आठ सय ६८ बराबरको कारोबार भएको छ । बैंकिङ समूह शून्य दशमलव ४०, विकाश बैंक शून्य दशमलव १९, लघुवित्त शून्य दशमलव २८ र अन्य समूह एक दशमलव ९४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै वित्त समूह तीन दशमलव ५१ र जलविद्युत समूह दुई दशमलव ८० प्रतिशतले घटेको छ । ग्लोबल आईएमइ लघुवित्त वित्तीय संस्था लिमिटेड र नेपाल वेयर हाउसिङ लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने इस्टर्न हाइड्रोपावर लिमिटेड र भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्कीट लागेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ६५ करोड ८४ लाख ९० हजार दुई सय ८५ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै एनआईबिएल ग्रोथ फन्डको १५ लाख २७ हजार नौ सय ५० किता सेयर कारोबार भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई